# बुटवल पावर कम्पनी लिमिटेड
# आ.व. २०७६।७७ को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०७७।९।२८ गते सम्पन्न हुने २८औं बार्षिक साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. विश्वव्यापी महामारी कोभिड -१९ का कारण यस कम्पनीमा मूलतः विकास तथा निर्माणको चरणमा रहेका आयोजनाहरु प्रभावित भए भने संचालनमा रहेका विद्युत गृहहरु तथा वितरण व्यवसाय तुलनात्मकरुपमा कम प्रभावित भए । कोभिड -१९ को संक्रमणवाट बच्नका लागि आवश्यक स्वास्थ्य सावधानी अपनाइएपनि एघार जना कर्मचारीहरु कोभिड -१९ वाट संक्रमित हुनपुगे र दुर्भाग्यवस कम्पनीले एक जना कर्मचारी गुमाउनु पर्‍यो ।

२. कम्पनीले आ.व.२०७६।७७ मा संचालन आम्दानी तथा लगानीवाट प्राप्त लाभांश आम्दानी क्रमशः १४.९८% र २५% ले बृद्धि गर्न सफल भएको छ । तर, वित्तिय आम्दानीमा आएको उल्लेख्य गिरावट तथा कावेली ए जलविद्युत आयोजनाका लागि गरिएको शेयर लगानीको नोक्सानी व्यवस्था गर्नु परेका कारण खुद मुनाफामा गत वर्षको तुलनामा ३.८२% ले ह्रास आएको छ । जस अनुसार कम्पनीको खुद मुनाफा रु. ७३,१२,८४,०९२ र प्रति शेयर आम्दानी रु. २७।२५ रहेको छ । शेयरधनीहरुलाई आ.व. २०७६।७७ को खुद मुनाफावाट चुक्ता पूँजीको १५% (पन्ध्र प्रतिशत) नगद लाभांश तथा १०% (दश प्रतिशत) बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएको छ ।

३. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

| विवरण | आ.व. २०७६।७७ रु. | आ.व. २०७५।७६ रु. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४८,३८,३८,१६३ | ४८,६८,२९,७७५ | -०.६१% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरु | १९,५१,३६,५७१ | १८,७२,०३,२३० | ४.२४% |
| उत्पादन खर्च | २४,५६,८९,६५७ | २६,६३,११,७३८ | -७.७४% |
| वितरण खर्च | ११,९४,०५,१५० | १३,७०,४४,७७५ | -१२.८७% |
| कूल संचालन मुनाफा | ३२,१६,११,७६२ | २७,९७,२१,२४३ | १४.९८% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ७६,७८,१९,२२९ | ६१,३७,०८,६६८ | २५.११% |
| प्रशासनिक तथा अन्य खर्च | १२,३३,३९,०३१ | १६,४२,५५,५२२ | -२४.९१% |
| ब्याज तथा कर अघिको नाफा | ७२,७५,३७,४३४ | ७३,५०,२५,५६९ | -१.०२% |
| कर अघिको नाफा | ७१,९७,९५,७१६ | ८४,४९,३७,७३० | -१४.८१% |
| कर पछिको खुद मुनाफा | ७३,१२,८४,०९२ | ७६,०३,३५,३५६ | -३.८२% |
| अन्य कम्पनीहरुमा लगानी | ४,०६,८४,६०,९६१ | ४,५३,०३,०६,५७० | -१०.१९% |

| | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | २७.२५ | ३१.१५ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०२,९०,४६,६०५ | ६,९०,१२,८१,३८३ | १.८५% |

४. आ. व. २०७६।७७ मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरुको कार्यसंपादन सन्तोषजनक रह्यो । सो मध्ये हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को कार्यसंपादन अब्बल रह्यो । हाल सम्म यस कम्पनीले आफ्ना सहायक तथा सम्वद्ध कम्पनीहरुमा लागतको आधारमा रु. ३,७९,०७,५१,२२३ लगानी गरिसकेको छ । आ. व. २०७६।७७ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।

| **विवरण** | **आ.व. २०७६।७७ रु.** | **आ.व. २०७५।७६ रु.** | **परिवर्तन** |
|---|---|---|---|
| आम्दानी | ३,१९,४३,५२,०५८ | ३,३४,४६,२६,५४६ | -४.४९% |
| बिक्री लागत | २,६५,७५,६५,४३५ | २,८९,२८,२५,३९९ | -८.१३% |
| कूल मुनाफा | ५३,६७,८६,६२३ | ४५,१८,०१,१४७ | १८.८१% |
| ब्याज तथा कर अघिको नाफा | १,०५,२८,८३,५२४ | ७६,२७,४५,७९९ | ३८.०४% |
| कर अघिको खूद मुनाफा | ७६,६९,०२,८०८ | ८२,९९,४५,४०८ | -७.६% |
| कर पछिको खूद मुनाफा | ७६,५८,२९,५०७ | ७२,६२,४६,६०९ | ५.४५% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ७५,४०,६५,६४० | ७३,२१,२१,३८० | ३% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १,१७,६३,८६७ | (५८,७४,७७१) | ३००.२४% |
| प्रतिशेयर आम्दानी रु. | २८.१० | ३०.०० | -६.३४% |
| खूद सम्पत्ति (नेटवर्थ) | ७,४५,२०,२२,०९९ | ७,२८,४४,७२,६६३ | २.३०% |

*(नोटः सहयाक कम्पनी नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. को आ.व. २०७५।७६ को आर्थिक विवरण यस वर्षमात्र प्राप्त भएको हुँदा सो विवरणलाई समावेश गरी माथीको तालिका आ.व. २०७५।७६ को विवरण रिस्टेट गरी प्रस्तुत गरिएको ।)*

५. नेपाल विद्युत प्राधिकरणसंग भएको संझौता अनुसार हिमाल पावर लिमिटेडले आफ्नो ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत आयोजनाको ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणलाई निशुल्क हस्तान्तरण गर्नुपर्ने तथा विद्युत खरिद बिक्री सम्झौतामा पनि पुनरावलोकन भई नयाँ दर कायम हुने भएबाट आगामी आ.व. २०७७/७८ देखि उक्त कम्पनीबाट पाउने लाभांशमा उल्लेखनीयरुपले ह्रास आउने छ । हिमाल पावर लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच अन्तरीम प्रवन्धमा सहमति भई सो अनुसार उल्लेखित आयोजना संचालन भईरहेको छ र छिट्टै स्थायी प्रवन्धमा सहमति भई सो कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

६. त्यसैगरी मिति २०७६ भाद्र २५ मा अचानकरुपमा खहरे खोलामा आएको बाढी खुदी हाइड्रोपावर लि.को विद्युतगृहमा पसेका कारण बन्द भएको विद्युत गृह मर्मत पश्चात् २०७६ मंसिर २९ वाट आंशिकरुपमा संचालनमा ल्याइएको छ । तर, बाँकी मर्मत कार्यका लागि

उपकरण आपूर्तिकर्ताको मर्मत संभार विज्ञ चीनवाटनै आउनुपर्ने भएको हुँदा कोभिड -१९ का कारण केही ढिलाई हुन गएको छ । तदारुक्ताकासाथ बाँकी मर्मत कार्य सम्पन्न गरिने छ ।

७. आ.व. २०७६।७७ मा आँधीखोला तथा झिमरुक बिद्युत गृहहरुवाट १४४.५१ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको उत्पादन भन्दा ५% ले बृद्धि हो । सो उत्पादित विद्युत मध्ये ७४% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

८. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरु मार्फत विकास गरेका आयोजनाहरुको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छः

(क) न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण अन्तिम चरणमा पुगेको छ । यही वर्ष २०७७ सालको चैत्रमा यस आयोजनावाट विद्युत उत्पादन प्रारम्भ गर्ने लक्ष लिइएको छ । यस आयोजनाले बार्षिकरुपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । यसको २७% शेयर सार्वजनिक निष्काशनका लागि धितोपत्र बोर्डमा स्वीकृतिका लागि निवेदन दिई स्वीकृतिको प्रक्रियामा रहेको छ । यसै वर्ष सार्वजनिक निष्काशनको कार्य सम्पन्न गरिनेछ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य रोकिएको छ । त्यसै गरी विद्युत खरिद बिक्री सम्झौता अनुसार विद्युत उत्पादन गर्नु पर्ने मिति नाघिसकेको छ । यसको कारण आयोजना कम्पनीमात्र नभएर, विश्व बैंकको कर्जा सुविधा उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारवाट भएको ढिलाई तथा कर्जा सुविधाको किस्ता भुक्तानीका सम्बन्धमा विश्व बैंक एवं अन्तराष्ट्रिय वित्तिय संस्थाका कडा शर्तहरु समेत रहेका छन् । विद्युत उत्पादन गर्नु पर्ने मिति थप गर्नका लागि आयोजना कम्पनीले उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा निवेदन दिई सो सम्बन्धमा अध्ययन गरी सिफारिस गर्नका लागि मन्त्रालयले एक कार्यदल बनाएको छ । सो कार्यदलको प्रतिवेदन छिट्टै आउने अपेक्षा गरिएको छ । विद्युत उत्पादन गर्नु पर्ने मिति आवश्यकरुपमा थप भएपश्चात् सो आयोजनाको पुर्नस्थापना योजना कार्यान्वयन गरी निर्माण कार्य पूनः शुरु गरिनेछ ।

(ग) मर्स्याङदी नदीमा मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरु Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरु भई उक्त आयोजनाहरुका कम्पनीहरुमा यस कम्पनीको करीव २०% शेयर स्वामित्व हुनेछ ।

मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३५ मे.वा.को लागि पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । आयोजना विकास सम्झौताका लागि दरखास्त पेश गरिएको छ । विद्युत खरिद बिक्री सम्झौतामा प्रारम्भिक सहमति भई सो विद्युत नियमन आयोगमा स्वीकृतिको प्रक्रियामा रहेको छ । तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भई विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया अगाडि बढीरहेको छ भने कनेक्सन एग्रिमेण्ट भैसकेको छ । यस आयोजनको उद्योग दर्ताको लागि लगानी स्वीकृतिका निमित्त उद्योग विभाग तथा लगानी बोर्डमा दरखास्त दिई सो स्वीकृतिको प्रक्रियामा रहेको छ । लगानी वोर्डवाट अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको लगानी स्वीकृति भएको छ । आयोजना विकास सम्झौताका लागि लगानी वोर्डमा निरन्तर फलोअप गरिएको छ । यस आयोजनाको पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रियामा रहेको छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को संभाव्यता अध्ययन कार्य सम्पन्न भई बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन समेत स्वीकृति भएको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्र लिन तथा विद्युत खरिद बिक्री सम्झौता गर्नका लागि दरखास्त पेश गरी सो प्रक्रियामा रहेको छ ।

(छ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) को सर्वेक्षण अनुमतिपत्र प्राप्त भई पूर्ब संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । विस्तृत संभाव्यता अध्ययन कार्य तथा बातावरणीय प्रभाव मुल्यांकनको कार्य अगाडि बढेको छ । यस आयोजनाको लागि आवश्यक पर्ने प्रशारण लाईनको विषयमा स्पष्ट भएपछि विकास गर्ने गरी यस आयोजनालाई अघि बढाइएको छ ।

(ज) तिला १ र तिला २ जलविद्युत आयोजनाहरुका कम्पनी एस सी पावर प्रा.लि. र यसका शेयरधनीहरुलाई दिएको अग्रिम भुक्तानी फिर्ता लिने प्रक्रिया शुरु गरिएको छ ।

९. आ.व. २०७७।७८ मा निम्न कार्यहरु गरिनेछ ।

- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने ।
- मर्स्याङदी क्यासकेड अर्न्तगतका तीनवटै आयोजनाहरुको आयोजना विकास सम्झौता गर्ने ।
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको पुरक वातावरणीय मुल्यांकन प्रतिवेदन स्वीकृत गराउने ।
- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन गरी निर्माण सुरु गर्ने ।
- मनाङ मर्स्याङदी हाइड्रोपवार कम्पनी प्रा.लि.को शेयरहरु चिनिया साझेदारहरुलाई बिक्री गर्ने प्रक्रिया सम्पन्न गर्ने ।

- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा चिनोखोला जलविद्युत आयोजनाको आयोजना कम्पनी गठन गर्ने ।
- न्यादी जलविद्युत आयोजनको निर्माण पुरा गरी संचालनमा ल्याउने ।
- कावेली ए जलविद्युत आयोजनालाई पूर्नस्थापना गर्ने ।

१०. कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरुको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै अर्थ समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदन लगायतका प्रतिवेदनहरु प्रकाशित गर्दै आएको छ ।

११. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरु र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरु तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| उत्तर कुमार श्रेष्ठ | सि.ए. जितेन्द्र कुमार मिश्र |
| प्रमुख कार्यकारी अधिकृत | पार्टनर |
| | सिएससि एण्ड कम्पनी |
| | चार्टर्ड एकाउन्टेन्टस् |

**बुटवल पावर कम्पनी लिमिटेड**
**वित्तिय अवस्थाको विवरण**
**२०७७ आषाढ ३१ गतेको**

| विवरण | आ.व. २०७६।७७ रु. | आ.व. २०७५।७६ रु. |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | ३१,५८,०४,११९ | ३३,८७,७१,३०३ |
| पूंजीगत कार्य प्रगति | १९,२२,१३० | ५,३३,९२५ |
| अदृष्य सम्पत्ति | १,८७,११,८७,२९८ | १,९२,७४,७२,५८९ |
| आयोजना कार्य प्रगति | २६,६३,९३,१९० | २२,१२,६७,२२५ |
| वित्तिय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | ३,०९,४१,४२,८८१ | ३,३३,८०,०२,१४६ |
| अन्य लगानी | ९७,४३,१८,०८० | १,१९,२३,०४,४२४ |
| अन्य गैर चालू सम्पत्ति | १३,२५,९३९ | ५६,४९,०९४ |
| **जम्मा गैर चालू सम्पत्ति** | **६,५२,५०,९३,६३७** | **७,०२,४०,००,७०६** |
| **चालू सम्पत्ति** | | |
| मौज्दात | ५,४०,३६,८८७ | ४,२७,७९,४०५ |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | ७,३३,३१,८७५ | ९,८६,७९,५३३ |
| नगद तथा नगद समान | ५,४६,७९,७४१ | ३१,२०,९५,४२७ |
| अन्य बैंक मौज्दात | ३,५०,०८,००० | ३,५०,०८,००० |
| . अन्य वित्तीय सम्पत्ति | १,१०,४४,४०,९४२ | ३७,३३,९६,३५२ |
| अन्य चालू सम्पत्ति | १,१३,०४,९५४ | १,८९,२०,६१४ |
| चालू सम्पत्ति (खूद) | ८३,८९,२९४ | ४,४३,८९,७९५ |
| **जम्मा चालू सम्पत्ति** | **१,३४,११,९१,६९३** | **९२,५२,६९,१२६** |
| **जम्मा सम्पत्ति** | **७,८६,६२,८५,३३०** | **७,९४,९२,६९,८३२** |
| | | |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | २,४४,०५,५५,४०० | २,४४,०५,५५,४०० |
| अन्य इक्वीटी | ४,३४,५१,६४,८०५ | ४,४६,०७,२५,९८३ |
| **जम्मा कोष** | **७,०२,९०,४६,६०५** | **६,९०,१२,८१,३८३** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | | |

| | | |
|---|---|---|
| वित्तिय दायित्व | १९,५८,०९,१८८ | २०,२६,५९,४३२ |
| ऋण सापटी | | |
| व्यवस्थाहरु | १५,९१,३३,६५१ | २३,३५,२०,२९५ |
| स्थगन कर | १,७५,२६,०८१ | १,०९,३९,२८१ |
| अन्य गैर चालू दायित्व | २३,२६,१३,२४२ | ३३,९३,३६,७८५ |
| **जम्मा गैर चालू दायित्व** | २,४६,९१,५०९ | २,४१,१३,६४५ |
| | **६२,९७,७३,६७१** | **८१,०५,६९,४३८** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋण सापटी | ८,२७,६४,२७२ | ९,४९,८९,१५२ |
| व्यापारिक साहू तिर्नुपर्ने | २,०८,३१,७३४ | २,५५,०६,९९२ |
| अन्य वित्तीय दायित्व | २,२४,४२,९७९ | ३,८२,४२,२५० |
| व्यवस्थाहरु | २०,३३,२०४ | १४,६०,००१ |
| अन्य चालू दायित्व | ७,९३,९२,८६५ | ७,७२,२०,६१६ |
| **जम्मा चालू दायित्व** | **२०,७४,६५,०५४** | **२३,७४,१९,०११** |
| **जम्मा दायित्व** | **८३,७२,३८,७२५** | **१,०४,७९,८८,४४९** |
| **जम्मा कोष तथा दायित्व** | **७,८६,६२,८५,३३०** | **७,९४,९२,६९,८३२** |
| | | |

**बुटवल पावर कम्पनी लिमिटेड**
**२०७७ आषाढ ३१ गते समाप्तवर्षको**
**नाफा नोक्सानको विवरण**

| **विवरण** | **आ.व. २०७६।७७ रु.** | **आ.व. २०७५।७६ रु.** |
|---|---|---|
| बिक्री | ६८,६७,०६,५६९ | ६८,३०,७७,७५६ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (२४,५६,८९,६५७) | (२६,६३,११,७३८) |
| वितरण खर्च | (११,९४,०५,१५०) | (१३,७०,४४,७७५) |
| **कूल मुनाफा** | **३२,१६,११,७६२** | **२७,९७,२१,२४३** |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ७७,४७,३१६ | ७६,८१,३५० |
| अन्य आय | ७६,७८,१९,२२९ | ६१,३७,०८,६६८ |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरु | (१२,३३,३९,०३१) | (१६,४२,५५,५२२) |
| लगानीमा नोक्सान व्यवस्था | (२४,६३,०१,८४२) | (१८,३०,१७०) |
| अन्य सम्पत्ति विक्रीमा लाभ -नोक्सान) | | |
| **संचालनवाट मुनाफा** | **७२,७५,३७,४३४** | **७३,५०,२५,५६९** |
| वित्तिय आय | २,४२,५३,९८८ | १५,१५,३९,९०२ |
| वित्तिय लागत | (३,१९,९५,७०६) | (४,१६,२७,७४१) |

| | | |
|---|---|---|
| **कर अघिको मुनाफा** | **७१,९७,९५,७१६** | **८४,४९,३७,७३०** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (४,०७,३८,५८१) | (४,६७,२९,९९६) |
| स्थगन कर आम्दानी/(खर्च) | ५,२२,२६,९५७ | (३,७८,७२,३७८) |
| **चालु वर्षको मुनाफा** | **७३,१२,८४,०९२** | **७६,०३,३५,३५६** |
| **अन्य विस्तृत आय** | | |
| इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय | (२१,७९,८६,३४४) | ४,०१,२५,१९८ |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | ५,४४,९६,५८६ | (१,००,३१,३००) |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(१६,३४,८९,७५८)** | **३,००,९३,८९८** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **५६,७७,९४,३३४** | **७९,०४,२९,२५४** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | २७।२५ | ३१।१५ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | २७।२५ | ३१।१५ |